Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ७, २०७८ साल भदौं २४ गते विहिबार (Sep 9, 2021) www.janaakash.com.np मूल्य रु १०।-


## हार्दिक शुभकामना

नेपाली नारीहरुको महान् चाड हरितालिका तीजको उपलक्ष्यमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

२०७८ हरितालिका तीजलाई विशेष बनाउन भूमिका निर्वाह गर्न हुने आदरणीय तेज प्रकाश बानियाँ, प्रेम शर्मा पौडेल, कृष्ण भूसालगायत सम्पूर्ण टिमलाई धन्यवाद साथै मंगलवार प्रकाशन हुने जन आकाश साप्ताहिक नारीहरुको सम्मान गर्दै विहिवार प्रकाशन गरेको अवगत गराउँदाछौं ।

अध्यक्ष

जन आकाश मिडिया प्रा.लि.(परिवार)

Email: jana.news2065@gmail.com

# कसरी मनाउदै छन् नेपाली नारीहरुले तीज

मोहन कार्की,

नेपाली नारीहरुको महान् पर्व तीज आज धुमधामसँग मनाइदैछ । बर्षभरीका दुखः पीडालाई भुलेर यस दिनलाई खुशीयालीको र नारी सम्मानको



रामेछाप नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको तीज कार्यक्रम संयुक्त फोटो

रुपमा मनाउँदै आए । तीज नेपाली नारीहरुको विशेष पर्व हो । यो पर्वमा अविवाहित नारीहरुले राम्रो वर पाउँ भनेर शिवको आराधाना गरी मनाउँदछन् । भाद्र शुक्ल तृतियामा ब्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा महिलाले विधुवा हुनु नपर्ने र सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ। यो ब्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य प्राप्त गर्ने र सर्वगुण सम्पन्न वर पाउने विश्वास छ ।

त्यसैगरी विवाहित नारीहरुले आफ्नो श्रीमान, घर परिवारमा राम्रो होस् भन्ने कामनासहित व्रत बसेर शिवको आराधना गरी तीज मनाउने धार्मिक पराम्परा रहेको छ ।

सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गर्दा श्री महादेव पति पाउने वरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छा विपरित विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई प्राप्त गरिन् ।

यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यहीँ समयदेखि हरितालिका (तीज)को व्रत लिने प्रचलन शुरु भएको धर्मशास्त्रीय मान्यता रहँदै आएको छ ।

**चेलीको महत्वको चाड तीज**

यस तीज पर्वमा माइतीपक्षवाट चेलीहरुलाई लिन आउने, निम्ता गर्ने र चेलीहरु माइत आउने प्रचलन रहेको छ । चेलीहरु माइतमा आएपछि माइतीले मिठो चोखो पकाएर खुवाउने चलन छ । बर्षभरीको काम ब्यस्तताले भेट नभएका दाजुभाई, आमा(बुबासँग रमाउन पाउने भएपछि नारीहरु सकेसम्म तीजमा माइत जाने चलन छ ।

माइतमा रहदा माइतीहरुले चेलीलाई तीजमा खुशी बनाउन अफ्नो गच्छ अनुसार राम्रो, मिठो, अनि वरीपरिका छरछिमेकलाई समेत बोलाएर रमाइलो गर्ने चलन रहेको छ ।

यो पर्व नारीहरुको बिशेष भएको हुनाले नारीहरु भेलाभई संयुक्त रुपमा नाचगान गर्दै मनभित्र रहेका दुःख पीडाहरुलाई गीतमार्फत अभिव्याक्त गर्ने प्रचलन रहेको छ । तर पछिल्लो समय विकास हुँदै गएको तीज विशेषमा नेपाली कलाकारहरुले तीज अगावै नेपाली कलाकारहरुले तीज गीत बजारमा ल्याउने गरेका छन् ।

ती कलाकारहरुले गाएका तीज गीतलाई नारीहरु भेला भई नाचगान गर्ने गरेका छन् । नेपाली नारीहरुको हकहितको संक्षणको निम्ति खोलिएका संघ/संस्था/ सरकारी संस्था वा अन्य निजी क्षेत्रले पनि तीजलाई महत्वपुर्ण रुपमा लिएको देखिन्छ ।

बिगत दुईबर्ष देखि कोभिडको त्रासको कारण तीज उल्लासमय बन्न सकेको थिएन । यो बर्षको तीज केही मात्रमा खुकुलो भएको देखिन्छ । बिभिन्न कार्यलय, संघ/संस्थाहरुले तीजको आसपासमा संयुक्त रुपमा कार्यक्रम आयोजना गरेर तीजको महत्वलाई संक्षण गर्दै नेपाली हिन्दु छन् । नारीहरुको भावनामा उत्साह थपेका छन् ।

कलाकार, पत्रकार, डाक्टर, मजदुर, मालिक, शिक्षक, वकिल, इन्जिनियर सवै नेपाली नारीहरुले तीजलाई मनाउँदै छन् ।

**रामेछापको फर्पुमा गएको पैरोका कारण तीज प्रभावित**

रामेछापको गोकुलगंगा गाउँपालिका वडा न. ६ फर्पुको जिरोकिलो भन्ने ठाउँको नजिकै यहि

# चार महिनापछि खुल्यो मनकामना मन्दिर

गोरखा । नेपालको प्रसिद्ध धार्मिक गन्तव्यका रूपमा चिनिने गोरखाको मनकामना मन्दिर करिब चार महिनापछि बुधवारदेखि खुलेको छ । कोभिड-१९ को सङ्क्रमणको जोखिमका कारण गत वैशाख २३ गतेदेखि पूजाआजा गर्न रोक लगाइएको मनकामना मन्दिर भक्तजनका लागि पूजा गर्न खुल्ला गरिएको मन्दिरका मूलपुजारी इन्सानबहादुर थापामगरले जानकारी दिनुभयो ।

मनकामना क्षेत्र विकास समितिले मन्दिरमा सरकारले तोकेको स्वस्थ्य मापदण्डको पालना गर्ने गरी सर्वसाधारणका लागिसमेत पूजाआजा गर्न मन्दिर खोल्ने निर्णय गरेसँगै आजदेखि मन्दिर सर्वसाधारणका लागि खुल्ला गरिएको उहाँले बताउनुभयो । बिहान नियमित रूपमा गरिने नृत्यपूजा गरेर सर्वसाधारणलाई पनि पूजाआजाका लागि मन्दिरमा प्रवेश गराइएको छ, मूलपुजारी थापाले भन्नुभयो, पुजारी र भक्तजनको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर तत्कालका लागि मन्दिर बाहिरको झ्यालबाट पूजा सामग्री पुजारीलाई दिने गरी



व्यवस्था मिलाइएको छ । मन्दिरमा भाकल बुझाउन आउने भक्तजनका लागि बलि दिने स्थानमा समेत छुट्टै पुजारीको व्यवस्था मिलाइको उहाँले बताउनुभयो । चार महिनापछि मन्दिर खुल्ला भएको पहिलो दिनमै सयौँ भक्तजन पूजापाठका लागि आएको मूलपुजारी थापाले जानकारी दिनुभयो । मन्दिरमा पुग्ने भक्तजनले अनिवार्य मास्कको प्रयोग गर्नुपर्ने, सामाजिक दूरी कायम गर्नुपर्नेलगायतका व्यवस्थासमेत गरिएको उहाँको भनाइ छ ।

यता मन्दिर परिसरमा पुग्ने भक्तजनको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी मन्दिर परिसरमै हेल्थ डेस्कसमेत स्थापना गर्ने तयारी गरिएको शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापामगरले जानकारी दिनुभयो ।

यसैबीच कोरोना सङ्क्रमणको जोखिमका कारण बन्द रहेको गोरखाको अर्को प्रसिद्ध धार्मिक गन्तव्यको रूपमा चिनिने गोरखा दरबारस्थित कालिका मन्दिर पनि सर्वसाधारणका लागि खुल्ला गरिएको छ ।

कोरोना भाइरस सङ्क्रमणका कारण बन्द रहेको मनकामना केबलकार बुधवारदेखि सञ्चालनमा आएको छ । मनकामना मन्दिर खुलेसँगै केबलकार पनि सञ्चालनमा आएको हो । स्वास्थ्य सुरक्षा मापदण्ड पूर्णपालना गर्ने गरी केबलकार सञ्चालनमा ल्याएको मनकामना दर्शन बाँकी ६ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### तीजलाई सदभावको रुपमा मनाऔं

नेपाली नारीहरुको महान् चाड हरितालिका तीज आज अर्थात भदौ २४ गते मनाईदैं छ । यो पर्व सवै नेपाली नारीहरुको एकता, सदभाव र आत्मीयता बढाउने पर्व हो । यस पर्वमा कुनै जाति, धर्म विशेषको भेदभाव हुदैन । यस पर्वलाई कतिपय समाजकै अगुवाहरुले हिन्दूहरुको पर्व भनेर लेखिएको बोलेको पाइएको छ । त्यसरी बोल्दा लेख्दा अन्य धर्म, मान्ने समुदायका नारीहरुले चित्त दुखाएका छन् । कुनै ब्यक्ति बिशेषले जे लेखे, भने पनि यो सवै नेपाली नारीहरुको पर्व हो । ब्यवहारिकतामा सवै नेपाली नारीहरु मिलेर हरितालिका तीज मनाइरहेका छन् । त्यसैले भनाईको पछि नलागि नेपाली नारीहरुले बिगतमा जस्तै सबै नारीहरुको एकता, सदभाव , धार्मिक सहिष्णुता सहितको पर्वको रुपमा तीजलाई मनाउनु पर्छ । तीजको अवसरमा नारी अधिकारका कुराहरु पनि प्रष्फुटन हुनेहुदा तीजलाई नारी एकताको रुपमा समेत मनाउन सकिन्छ ।

**नेपालमा हुने गरेका पर्वहरु जस्तो कुनै पनि देशमा छैनन् ।**

नेपाल देश धार्मिक, सांस्कृतिक विविधता भएको हुनाले बहुआयमिक धार्मिक, सांस्कृति सम्पदाको धनि देश भएको हो । यीनै मौलिक परम्पराहरुलाई संक्षण गरिराख्नु नेपालीहरुको कर्तब्य हो । तीज पर्व नारीहरुको भएपनि पुरुषहरुले यसको महत्वलाई बुझेर अरु वेला ब्याक्त गर्न नसकेका आफ्ना नारीहरुले तीजको बेला ब्याक्त गरेका गीत, अभिब्यक्तिलाई सकरात्मक रुपमा लिएर नारीहरुको भावनाको कदर गर्नुपर्छ । यसले आफ्नो घर परिवारमा सकारात्मक विकास हुन्छ । त्यसको अलवा देशको संस्कृतिको महत्व पनि बढ्छ यस्तो काम सबै पुरुषहरुले गर्नुपर्छ ।

नेपालका नारीहरुको पर्व तीज देशमा मात्र नभएर विदेशमा समेत प्रगाढ हुदै गएको छ । विभिन्न देशमा पुगेका गैर आवशिय नेपालीहरुले आफ्नो मौलिक संस्कृतिलाई उनिहरु बस्ने देशहरुमा समेत उजागर गरेका छन् । यसले पनि नेपाली संस्कृतिको महत्व बढाएको छ । विदेशमा रहेका नेपालीहरुले तीज पर्व नारीहरुको अधिकारको लागि महान चाड भएको र यसको बिशेषता त्यहाँ भएका नारीहरुले थाहा पाएपछि नेपाल देशको संस्कृति धेरै समय अगडि देखि नारीहरु प्रति उद्धार भएको उनिहरुले महसुस भएको भन्ने गरेका छन् । र त्यहाँका विदेशीहरुले समेत नेपाली नारीहरुसँग तीजको रमाइलो गर्ने गरेको देखिन्छ ।

यसरी देशमा मात्र नभएर बिदेशमा समेत प्रगाढ बन्दै गएको तीजको महत्वलाई सम्पूर्ण नेपालीहरुको सदभावको रुपमा मनाऔं ।

समाजमा देखासेखी गरेर होइन गच्छे अनुसारको खर्च, मौलिकतामा आधारित रहेर तीज पर्वलाई मनाउदा नेपाली नारीहरुले वास्तवमा नारी अधिकार प्रयोग गर्न सक्छन् । नारीहरुको अधिकार, मौलिक संस्कृति भएको पराम्परालाई यसरी आत्मसाथ गरेर तीज मनाउने नारीहरुको भलो हुन्छ भन्ने विश्वास गर्न सकिन्छ । त्यैले सवै नारीहरुले तीजलाई सदभावको रुपमा मनाऔं ।

# विगतको तीज र अहिलेको विभन्नता

रेजु पोखरेल



कार्यालयमा आफ्नै काममा व्यस्त थिएँ । अनायसै आँखा अगाडिको क्यालेण्डरमा पुग्यो । ओ हो ! तीज पनि आइसकेछ । पर्सि त दरखाने दिन । सोच्दै थिएँ, पूर्खाले यहि चाडपर्व परम्परा सबैको तारतम्य मिलाएकाले त अहिले हामीले यो एकोहोरो जीवनबाट केही समय भए पनि फूर्सद पाएर भगवानको सानिध्यमा रही उहाँको आराधना गर्ने मौका पाएका छौं । सायद पार्वतीले पनि यसै कारण आफ्नो मनोकांक्षा पूरा गर्न एकान्तमा गई गुफामा बसेर ध्यान गरेकी थिइन् ।

दैनिक कामबाट केही समय भए पनि छुटकारा मिल्ने भएकाले मन एक किसिमले हल्का भयो । आफ्ना दिदी बहिनी आमा भाउजु साथीसँगी सबै सँग भेट गर्ने अवसर नै हो यो । सामाजिक प्राणी भएकोले समाजमा घुलमिल गर्दै रमाउँदै नगरे जीवन त आनन्दमय बन्न सकिदैन । समाज बिनाको जीवन त असम्भव जस्तै लाग्छ । यसैले यस्ता चाडपर्व दर खाने, तीज पंचमी जस्ता पर्वले मानिसको जीवनमा निक्कै ठूलो भूमिका खेलेको छ । बिछडिएका आत्मियजनको भेटघाट, भावना साटासाट गर्ने अवसर हो यो । मनमा यस्तै कुरा खेल्दै थियो । कार्यालयमा सँगै काम गर्ने अर्की साथी आएर- "दर मजाले खानु होला शुभकामना है म्याडम ।" भन्दै चुरा पोते उपहार दिएर जानुभयो । यसरी कार्यालयमा माहोलै रमाइलो हुन थाल्यो । भोलि सबै महिला दिदीबहिनीलाई दर खुवाउने भन्दै । "कार्यालयको सूचना पाटीमा सूचना पनि राखिएको छ" भन्दै -अर्की महिला भित्र खबर लिएर आउनु भयो ।

हामी सबै कर्मचारीहरु खाजा खान क्यानटिनतिर लाग्यौं । त्यहाँ सबै शिक्षक कर्मचारीहरुको तीज, दरखाने दिनको लागि शुभकामना आदान-प्रदान सुरु भयो । यसरी सबै विद्यार्थी भाइबहिनीहरुका साथै भेट भए जति सबैसँग शुभकामना आदान-प्रदान गरेर आनन्दित मनले घर फर्कियौं ।

घर फर्किंदै गर्दा बाटाभरि आफू केटाकेटी छँदा दर खाएर तिज मनाएका कुराहरु मानस पटलमा आउन थाले । दिदी, भाउजुले राम्रा-राम्रा चुरा किनिदिएका अनि लुगा ल्याइदिएको । आमा उस्तै दङ्ग परेर दर खाने तयारीमा लाग्नु भएको । भोलि त दिदी पनि आउँछे भन्दै खुसी हुनुभएको । दिदीले मिठो-मिठो खानेकुरा लिएर आउँछे । ढकनी पकाउनुपर्छ । रातो चुरा पोते धागो अनि रातो सारी लगाएर सबै मिलेर नाचगान गर्नुपर्छ भन्ने हुन्थ्यो आमा-दङ्ग पर्दै ।

छोरीहरुसँग बसेर रमाई रमाई गफ गर्न पाइने भयो भन्ने कुराले आमाको मुहारमा छचल्किएको देखिन्थ्यो । दिदीको आगमनको प्रतिक्षाले मात्र पनि दंग पर्दै बाटामा आँखा बिछ्याइ रहन्थ्यौ । मनभित्रैबाट खुसी भइन्थ्यो, मनै प्रसन्न हुन्थ्यो । दिदी पनि आफ्नो घरको सब तारतमस्य मिलाएर दर खाने दिन आइपुग्नु हुन्थ्यो । अनि लौ सब मिलेर दर पकाउने है भन्दै आमा हामीलाई भान्छातिरै बोलाउनु हुन्थ्यो । दर खाने दिन ब्रत बस्ने अघिल्लो दिन भएकाले शाकाहारी भोजन पाक्थ्यो । ब्रत बसेको दिन हल्का रहन अघिल्लो दिन सादा अनि साकाहारी भोजन नै लिनुपर्छ भन्नु हुन्थ्यो । लसुन प्याज पनि चलाइदैन थ्यो । यसो गरे मन हल्का शरीर हल्का हुन्छ । अनि भगवानमा ध्यान लाग्छ भनेर सिकाउनु हुन्थ्यो । भाउजुहरु पनि हामीलाई दर भन्दै चुरा पोते उपहार दिएर माइत जानु हुन्थ्यो । यसरी छोरी माइत आउने बुहारी जाने कति राम्रो चलन ।

वर्ष दिन भरिका आफ्ना मनका भावनाहरु साटासाट गर्दै माइतमा आनन्दित मनले मनका भारी बिसाएर मानसिक शान्ति पाउने पर्व हो यो । यो पर्व नहुँदो हो त महिला दिदी बहिनीले आफ्ना माइतमा गई रमाउने अवसर पाउन पनि कतिलाई त मुस्किलै पर्छ ।

तर अहिले आएर पर्वलाई तोडमोड पार्दै एक महिना अघि देखिनै दर खाने भन्दै आफूसँग भई नभई देखावटीका लागि समाजमा हिड्नुपर्ने बाध्यता जस्तो पनि हुँदै आएको छ । दर खाने भनेको तिजको जस्तो पनि हुँदै आएको छ । दर खाने भनेको तिजको अघिल्लो दिन आफ्नै घर माइतमा आमा दिदीबहिनी भाउजु बुहारीसँगै बसी पकाउने खाने, आफ्ना भावनाा साटासाट गर्ने मनका बह पोख्ने गर्थे । भजन, किर्तनमा रमाउँदै दर खाँदै खुसि हुन्थे ।

यसरी साँझ खाना खाएर रमाइलो गर्दै गर्दै बेलुका दस बजेतिर दर विशेष मीठा मीठा खानेकुरा खाने । भोलिपल्टको निराहार ब्रतको कारण आडिलो खाना खानुपर्छ भन्नु हुन्थ्यो आमा, अनि सुत्ने बेलामा दूधमा मिश्री हालेर धेरै बेर उमालेको दुध पिएर सुत्थ्यौं । यसरी आफ्नै घरमा रमाई-रमाई दर खाने चलन सम्झिन्छु । त्यसरी नै दर खाइन्थ्यो ।

दिदी बहिनीको अनुभवका साथै सुख दुःखका कुराले मलाई भावुक बनाउथ्यो । म ध्यान दिएर उहाँहरुका कुराहरु सुन्थे ।

भोलिपल्ट नुहाई धुवाई गरी रातो टिका चुरा पोते अनि राता लुगा लगाएर हामी मन्दिर जान्थ्यौं । भगवानलाई पाउन शुद्ध मनले भगवानमा मन लगाएर ध्यान गर्नुपर्छ । आमा भन्नु हुन्थ्यो । आमालाई सधै खुसी देख्थे । म भगवान प्रति पूर्ण समर्पित हुनुहुन्थ्यो । आफूसँग सधै खुसी देख्थे । म भगवान प्रति पूर्ण समर्पित हुनुहुन्थ्यो । आफूसँग जे जति छ त्यसैमा खुसी । सानो कुराले पनि दंग पर्नु हुन्थ्यो आमा । साँझ पाँच बजेपछि सबैको छुट्टाछुट्टै दियोमा बत्ति तयार पारेर पुजा सामाग्री तयार पार्नु हुन्थ्यो । साबै मिलेर आ-आफ्नो दियो बोलेर पूजा सुरु गर्‍यौं । "नसक्नेले काँडा पानी दूध फलफूल खाओ-भन्दै आफू चाहि नखाइ बस्नु हुन्थ्यो ।

यसरी आनन्दमय तरिकाले दर खाई तीज मनाउने परम्परालाई तोडमोड गरेर पार्टी प्यालेसमा दर खाने भइ नभइ तडक भडक गर्दै मनाएको देख्दा अलि नमज्जा लाग्छ । बाहिरी श्रृङ्गार गर गहना अनि क्षणिक देखावटी बन्दै गएको यो समाजमा भावनात्मक सम्बन्ध पनि त्यति सुमधुर नभई बाध्यता बन्न जाँदा मन प्रफुल्ल अनि प्रसन्न हुन अलि कम हुँदै गएको अनुभव धैरैबाट सुन्नमा आएको छ ।

बूढानीलकण्ठ, शब्दसंसार परिवार

# सल्यानबाट साढे ३६ करोड रुपैयाँको अदुवा निकासी

करेश्मा गिरी,सल्यान ।

जिल्ला कृषि विकास कार्यालय सल्यानका अनुसार गत आर्थिक वर्षमा ३६ करोड ५३ लाख बराबरको अदुवा जिल्ला बाहीर निकासी भएको छ । जिल्लाबाट १५ हजार २७२ मेट्रिकटन अदुवा निकासी भएको कार्यालयका सूचना अधिकारी रेशम कुमार बस्नेतले जानकारी दिए। उनले भने "प्रधानमन्त्री कृषि आधुनिकीकरण जोन कार्यक्रम र कृषि विकास कार्यालयले विभिन्न कार्यक्रममार्फत अदुवा खेतीतर्फ किसानहरूलाई आकर्षित गर्दै आइरहेका छौ" । आर्थिक वर्ष २०७५/०७६ मा



२०९० हेक्टर क्षेत्रफलमा अदुवा लगाएकोमा २८ हजार ३९२ मेटिक्टन मात्र उत्पादन भएको छ। यस्तै, आर्थिक वर्ष २०७६/०७७ मा १ हजार ७२० हेक्टर क्षेत्रफलमा २५ हजार ८०० मेटिक्टन मात्र अदुवा उत्पादन भएको छ ।

अदुवाको बजार मूल्य स्थिर नहुँदा व्यवसायिक अदुवाखेती गर्दै आइरहेका किसान विस्तारै विस्थापित हुन थालेका छन् । बजारमा लगानीअनुसार मूल्य पाउन छाडेपछि अदुवा थोरैमात्र उत्पादन गर्ने गरेको शारदा नगरपालीका - १४ गणेश गिरीले बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# खेलाडीहरुको बुझाइमा तीज



मणि सुनुवार

तीज महिलाहरुको महान अर्थत विषेश पर्व हो । विभिन्न खेलकुदसँग आवद्ध नेपाली महिला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी र खेल निर्णयकहरसँग गरिएको कुराकानि तथा उनीहरुको तीज अनुभ यस्तो रहेको छ ।

## जुनि राई उसु खेलाडी (१३औं दक्षिण एसियाली खेलकद साफका स्वर्ण पदक विजेता)

तीज हामी नारीहरुको लागि एक विषेश चार्ड हो । तीजमा अन्य महिला दिदी बहिनीहरु जस्तै हामी खेलाडीहरु पनि तीजमा वर्त बस्छौ । त्यो दिन खेलको तालिम छुट्टी हुन्छ । महिला खेलाडीहरुलाई अफिसले पनि दर खाने कार्यक्रम




राखेको हुन्छ । तर खान पानमा विषेश ध्यान दिन्छु । मेरो खेल तौल समुहमा खेलिने भएको हुदा तौल बढाउने खालको खाना त्यति धेरै खादिन । म उसु खेलाडी मात्र नभएर एक राष्ट्र सेवक नेपाल प्रहरी पनि हुँ । तीजको दिन विभिन्न मन्दिरमा मेला लाग्ने भएको हुदा कहिले काहि विभागले खेलाडीलाई पनि डिउटीमा पठाउने हुदा तीजको दिन डिउटी पनि पर्न सक्छ । आफुलाई खटाएको ठाउँमा डिउटी सफल्ता साथ पुरा गर्दै सबैको सुरक्षा दिदै तीज मनाउन पाउदा खुशि लाग्छ ।

## फिफा रेफ्री माया लामा

मलाई तीज रमाईलो लाग्छ । म पनि तीजको वर्त लिन्छु । अरु महिला दिदी बहिनी जस्तै म पनि साथीहरुसँग



भेटघाट गर्ने रमाईलो गर्ने गर्छु । तर खानपिनमा भने एकदमै सजाक हुन्छु । तीजको दिन आफ्नो नियमित ट्रेनिङ्ग गर्छु । दिउसो साथिसंगिसँग जमभेट गरेर रमाईलो गर्छु । फिफाले हरेक वर्ष महिला क्याटोवरि वान अन्तर्गतको रेफ्रिहरुको फिटनेश टेष्ट लिन्छ । त्यसैले म त्यस प्रति सजक हुन्छु । क्याटोवरी वान रेफ्रिको फिटनेश ठिक छ कि छैन भनि हरेक वर्ष परिक्ष लिने हुदा त्यस प्रति पनि म केन्द्रीत हुने गर्छु । एक दिनको रमाईलो भोजले वर्ष भरि पछुताउनु पनि सकिन्छ । साथिसंगिमा हल्का रमाईलो गर्ने थोरे मात्रमा खाने र साथि माझ नाच गान गरेर रमाईलो मानेर तीन मनाउछु ।

## हिरादेवी राई, वल्ड कराते फेडरेशन रेफ्री

माता पार्वतीको जन्म उत्सबामा भगवान शिवले पर्वतीको जन्म उत्सब मानई दिएको दिनलाई तीजको रुपमा मान्दछौं । यस दिन हिन्दु धर्म मान्नु हुने दिदीबहिनीले वर्त बसेर नाचगान गरेर यो चार्ड मान्दछन् । विविध भाषा धर्म



भएको हाम्रो देशमा हरके प्रकारको चार्ड पर्वहरु मनाउने गरिन्छ । मेरो विचारमा तीज हामी नारीहरुको एक विषेश दिन हो । जुन दिन विबाहि माहिला दिदीबहिनीले आफ्नो पतिको आयु लामो होस भनि कामना गर्दै वर्त बस्छन भने अविबाहितले हुने वाल पति असल होस भनेर वर्त बस्ने गर्छन ।

तीज एउटा यस्तो चार्ड हो,जनु वर्ष दिनमा एक दिन मनाईन्छ । विबाह गरेर टाढा गएको चेलीलाई माईतिले लिन आउछन् । चेली पनि माईतिको साथमा माईति आउछिन् । तीज एक प्रकारको मेल मिलाप पर्व हो । यस दिन चेली र माईति मात्र नभएर साथिसंगि माझ भेटघाट गर्ने रमाईलो गर्ने पनि गरिन्छ ।

व्यक्तिगत रुपमा म एक किराँत समुदयको राईकी छोरी हुँ । तर पनि मलाई तीज असध्यै राम्रो लाग्छ । भगवान शिव र पर्वती हाम्रो पारुहाङ्ग र सुम्निमा नै हुनुहुन्छ । भगवान एउटै हुन तर पुज्ने तरिक मात्र फरक रहेको हो । त्यसैले नेपालमा बहु भाषा बहु धर्मबिच एकता रहेको छ । हिमाल पहाड तराईमा विभाजन भए पनि हामी सबै एक हौ । यसरी नै हाम्रो रितीरिवाज भाष धर्म जोगाएर रख्नु नितान्त आश्यकता ठान्छु । जसले जातको आधारमा नेपालमा मनाईने संकृति र पर्वलाई विरोध गर्छन । अनि अग्रेजी नयाँ वर्षमा धुमधामसँग ठमेलमा गएर नाच्छन त्यो हाम्रो पर्व होइन । बरु तीजको दिन पशुपतिमा गएर नाच्नु त्यो भन्दा हजार गुण वेटर ठान्छु ।

## कराँते खेलाडी संगिता मगर (१३ औं दक्षिण एसियाली खेलकद साफका स्वर्ण पदक विजेता)

तीज नारीहरुको महान चर्ड हो । एउटा नारी पराई घर जादा यही तीजले गर्द माईति र चेलिको भेट हुने संयोग मिल्छ । माईति र चेलिको सम्बन्ध अझ राम्रो हुन्छ । तीजको वर्तले विवाहित नारीहरुले पतिको आयु लामो होस भनि वर्त



बस्ने भन्ने प्रचलन रहेको छ । अनि तीज एउटा रमाईलो पर्व पनि लाग्छ किन कि साथिसंगिसँग भेटघाट गर्ने रमाईलो गर्ने एक आधर पनि ठान्दछु । त्याति मात्र नभएर विबाह गरेर टाढा-टाढा भएका दिदी बहिनीसँग पनि तीजमा भेट हुन्छ । मेरो बिचारमा तीज परिवारमा एउटा खुशीयाली अनि रमाईलो पल हो ।

# बैंक अफ काठमाण्डूले ल्यायो कुशे औंसी र तीज लक्षित योजना

बैंक अफ काठमाण्डू लिमिटेडले ग्राहक महानुभावहरुको हितलाई मध्यनजर गर्दै आउदै गरेको चाडपर्वहरु कुशे औंसी (बुबाको मुख हेर्ने दिन) र हरितालिका तीजको पावन अवसरलाई लक्षित गरी फुडमाण्डू, भोजडिल तथा खानपिन फुडमार्फत आफुलाई मनपर्ने खाना तथा खाजाहरु अनलाइन मार्फत खरिद गर्दा नगदफिर्ता योजना ल्याएको छ ।

यो योजना अन्तर्गत ग्राहकहरुलाई मनपर्ने खाना तथा खाजाहरु अनलाइनमार्फत खरिद गरी बैंकको मोबाइल बैंकिङ्ग तथा कार्डको माध्यमबाट भुक्तानी गर्दा २५% वा रु.५०० सम्मको बैंकले नगद फिर्ता दिनेछ । ग्राहकहरुले नगदफिर्ता योजनामा सहभागी हुनको लागि अनलाइन अडरपश्चात् बिल भुक्तानी गर्दा बैंकको मोबाईल बैंकिङ्ग (BOK Smart) मार्फत QR Code स्क्यान




गरी तथा बैंकको डेबिट तथा क्रेडिट कार्डमार्फत eComm (अनलाइन) कारोबार गर्नुपर्ने हुन्छ ।

यस नगद फिर्ता योजना २०७८ साल भदौ २० गतेदेखि २०७८ साल भदौ २४ गतेसम्म लागू हुने बैंकले जनाएको छ । यस नगदफिर्ता योजनामा सहभागी पश्चात् प्रयोगकर्ता महानुभावहरुले कारोबार गर्नुभएको मूल्यको २५% वा रु.५०० सम्मको नगदफिर्ता कारोबार गर्नुभएको पछिल्लो दिन बैंकले सम्बन्धित बैंक खातामा जम्मा गरिदिनेछ । ग्राहक महानुभावहरुले यो सुविधा योजना अवधिभर हरेक दिनको एकपटक सम्म प्रयोग गर्न सक्नुहुनेछ । बैंक अफ काठमाण्डू लिमिटेडले ९० शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।

# झापाको भद्रपुरमा मेगा बैंकको एटीम सेवा

मेगा बैंक नेपाल लिमिटेडले झापा जिल्लाको भद्रपुर नगरपालिकास्थित घोडामारामा एटीम सेवा विस्तार गरेको छ । झापाको भद्रपुर नगरपालिका वडा नम्बर ८, घोडामारास्थित सशस्त्र प्रहरीको २ नम्बर ब्यारेक अगाडि विशेष कार्यक्रमका बीच मेगा बैंकले एटीम सेवा सञ्चालन गरेको हो ।

सशस्त्र प्रहरी उपरीक्षक रमेशकुमार पाण्डेको प्रमुख आतिथ्यता तथा मेगा बैंकका १ नम्बर प्रदेश प्रमुख विवेकबन्धु न्यौपानेको विशेष आतिथ्यतामा भएको कार्यक्रममा सेवाग्राहीहरुको पनि सहभागिता रहेको थियो । योसँगै १ सय ३७ स्थानमा मेगा बैंकले एटीम सेवा विस्तार गरेको छ । स्थापनाको १२ वर्षमा आइपुग्दा मेगा बैंकले १९९ वटा शाखा विस्तार गरेको छ । यसैगरी, देशभर २४ वटा एक्स्टेन्सन काउन्टर, ५७ वटा शाखारहित बैंकिङ सेवा, ३,२०० भन्दा बढी मेगा रेमीट सञ्जाल छन् ।

# तीजको अवसरमा सानिमा बैंकले ल्यायो विशेष योजना

हिन्दू नारीहरुको महान् चाडको रुपमा हरितालिका तीज नजिकिँदै गर्दा सानिमा बैंकले आफ्ना ग्राहकहरुको लागि विशेष योजना सार्वजनिक गरेको छ ।

उपलब्ध गराउनुका साथै अमेरिकी डलर ई कार्ड निःशुल्क जारी गरिनेछ ।

यो योजना भाद्र ३१ गतेसम्म सानिमा नारी बचत खाता खोल्नु हुने महिला ग्राहकवर्गहरुका लागि उपलब्ध




योजना अन्तर्गत नारी बचत खाता खोल्दा निःशुल्क डेबिटरक्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग, मेरो शेयर, डिम्याट खाताका साथै लकर सुविधामा ७५ प्रतिशतसम्म छुट प्रदान गरिनेछ ।

यसका साथै पहिलो एइक कारोबारमा १० प्रतिशत छु र रु ५०० सम्मको क्यास ब्याक प्रदान बैंकले जनाएको छ । यसका अतिरिक्त रु. ५०० बराबरको एनसेल सिमकार्ड

हुनेछ । सानिमा बैंकले प्रत्येक नारी बचत खाता बापत बैंकको तर्फबाट मासिक रु १ को दरले नारी सामाजिक कोषमा रकम जम्मा गरी सामाजिक कार्यमा खर्च गर्दै आएको छ । उक्त कोष अन्तर्गत हाल पाटन अस्पतालबाट निम्न आर्थिक अवस्था भएका महिलाहरुको उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराइँदै आएको समेत सानिमा बैंकले जनाएको छ ।

# लक्ष्मी बैंकको १३५औं शाखा सुनसरीको चिमडीमा

लक्ष्मी बैंकले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा सुनसरी जिल्लाको





बर्जु गाउँपालिका वडा न. ६ को चिमडीमा आफ्नो १३५ औं शाखा संचालनमा ल्याएको । यो शाखामार्फत बैंकले ग्राहकहरुको वित्तीय आवश्यकता पूरा गर्न सम्पूर्ण रिटेल बैकिङ सेवाका साथै साना तथा लघु व्यवसायीहरु माझ वित्तीय पहुँच पु-याउने लक्ष्य राखेको छ ।

यस शाखाको सुरु भएसँगै लक्ष्मी बैंकको शाखा सञ्जाल ४९ जिल्लामा १३५ शाखा, ६ एक्सटेन्सन काउन्टर र ५ हस्पिटल सेवा काउन्टर, १६५ एटिएम, २५०० भन्दा बढी रेमिटेन्स एजेन्ट तथा ६१ शाखारहित बैंकिङ्ग एजेन्टहरु पुगेको छ ।

यो शाखाको साथ लक्ष्मी बैंकले आफ्नो सेवा अझ सुदृढ अनि व्यापक बनाउने विश्वास राखेको छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लघुवित्तलगायतका वित्तीय सेवाहरुको बढ्दो मागलाई पूरा गर्न बैंकले नयाँ तथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा आक्रामक रुपमा आफनो शाखा सेवा विस्तार गर्दै आएको छ ।

यो शाखाको विस्तारसँगै बैंकले ग्राहकहरुलाई उनीहरुकै रोजाईको माध्यम अर्थात शाखा कार्यालय, इन्टर नेट बैंकिङ्ग र मोवाईल फोन मार्फत बैंकिङ्ग सेवा प्रदान गरी शहरी तथा अर्ध शहरी क्षेत्रमा आफ्नो ब्राण्ड तथा ग्राहक अनुभवलाई अझ सशक्त पार्ने नीति अनुरुप महत्वपूर्ण फड्को मार्ने विश्वास लिएको छ ।




**चाडपर्व सुरक्षित रहेर मनाऔं ।**

# अर्थ संसार

## कृषि विकास बैंक लिद्वारा किसान क्रेडिट कार्ड वितरण

काठमाडौ जिल्ला दक्षिणकाली नगरपालिकाको वडा नं. ३ चोखेलमा बसोबास गर्ने स्थानीय किसानहरुलाई आवश्यक प्रक्रिया पूरा गरेर कृषिसम्बन्धी वेचविखनदेखि विउ/मलखाद/मौसम समेत जानकारी हुने व्यवस्था समेतको किसान कार्ड कार्ड कृषि विकास बैंक लि.का प्रमुख कार्यकारी अधिकृत तथा कार्यक्रमका प्रमुख अतिथि समेत रहनुभएका अनिल कुमार उपाध्यायले पहिलो चरणमा ८३ वटा कार्ड किसान तथा ग्राहकहरुलाई उपलव्ध गराउनुभयो ।

उक्त कार्यक्रमको अध्यक्षता दक्षिणकाली नगरपालिका वडा नं. ३ को वडाअध्याक्ष शिवभक्त बलामीले गर्नुभएको थियो भने कार्यक्रममा कृष्ण सहकारीका अध्यक्ष लक्ष्मी देवकोटा अतिथीको रुपमा उपस्तित हुनुभएको थियो ।

स्थानीयहरुको बाक्लो उपस्थिति रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत अनिल कुमार उपाध्यायले किसान क्रेडिट कार्डको महत्व र फाइदाका बारेमा प्रकाश पार्दै बैंकले उपलव्ध गराएका अन्य सेवाहरुको पूर्ण उपभोग गर्न आग्रह गर्दै बैंकले भविष्यमा थप सेवाहरु संचालन गर्ने समेत बताउनुभयो ।

कृषि विकास बैंक लि.को प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्यायले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत लामो इतिहास बोकेको नेपालको पुरानो विधुत गृह चन्द्रज्योति पावरहाउसको परिसरमा राख्ने गरी १० थान डस्वीन वडाका वडा अध्यक्षलाई हस्तान्त्रण समेत गर्नुभयो । कार्यक्रमका सभापति तथा वडाअध्यक्ष शिवभक्त बलामीले कार्यक्रमलाई सम्बोधन गर्दै बैंकले उपलव्ध गराएको सेवा प्रति आभार व्यक्त गर्नुभयो । आगामी दिनमा पनि बैंकले यस्तै प्रकृतिका सेवाहरु विस्तार गर्दै जान सकोस भनि थप प्रगतिका लागि शुभकामना समेत व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा बैंकका उपमहाप्रबन्धक यज्ञप्रकाश न्यौपाने, कृषि विकास बैंक लि. का विभागीय प्रमुखद्वय गिरिधारी पौडेल, सुन्दर खतिवडा, बैंकका सद्भावना दुत आश्रा कुंवर, बैंकका प्रवक्ता तथा कम्पनी सचिव हिमलाल पौडेल, शाखा प्रमुख प्रज्वल भट्टराई, विरेन्द्र यादव र कृषि विकास बैंकका अन्य कर्मचारीहरु उपस्थिति रहेको थियो ।

कार्यक्रममा कृषि विकास बैंक बागमति प्रदेशका प्रदेश प्रमुख जगदीश्वर पन्थीले कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको संचालन कृषि विकास बैंक शाखा कार्यालय कालिमाटीका प्रबन्धक बेदानन्द दाहालले गर्नुभएको थियो ।

## ग्लोबल आइएमई बैंकद्वारा बाढी पीडितलाई सहयोग

ग्लोबल आइएमई बैंक लिमिटेडले अविरल वर्षाका कारण नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पश्चिममा आएको विनाशकारी बाढीबाट प्रभावितहरुलाई राहत सामग्री वितरण गरेको छ । बाढीबाट घरबार विहीन भएकाहरुको जीवनयापनमा सहज होस् भन्ने उद्देश्यले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यो राहत सामग्री वितरण गरेको हो ।

बैंकले विपतबाट प्रभावित नवलपरासी जिल्ला बर्दघाट सुस्ता पश्चिम, रामग्राम नगरपालिका वडा नं. १८ पम्फापुरका १३५ घरपरिवारलाई प्रति घरधुरी चामल, चिउरा, दाल, नुन, तेल, बेसार तथा मिनिरल वाटर (पानी) लगायतका सामग्री वितरण गरेको हो ।

बैंकको लुम्बिनी प्रादेशिक कार्यालयले रामग्राम नगरपालिकासँग समन्वय गरी शाखा कार्यालयहरु भुमही र परासीको संयोजकत्वमा उक्त राहत सामग्रीहरु वितरण गरिएको हो । ग्लोबल आइएमई बैंक लुम्बिनी प्रादेशिक कार्यालय प्रमुख रवि श्रेष्ठ, रामग्राम नगरपालिकाका मेयर नरेन्द्र कुमार गुप्ता तथा रामग्राम नगरपालिका वडा नं. १८ का वडा अध्यक्ष गोपाल डिस्वा मगरको रोहवरमा राहत सामग्रीहरु पम्फापुरमा घरपरिवारलाई हस्तान्तरण गरियो ।

ग्लोबल आइएमई बैंक लिमिटेडले स्थापनाकाल देखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न समयमा मुलुकमा आइपर्ने बाढी, पहिरो, भुकम्प लगायतका प्राकृतिक विपत्तिहरुको समयमा सहयोग गर्दै आएको छ ।

## माछापुच्छ्रे बैंकको थप ७ शाखा रहित बैंकिङ सेवा सञ्चालनमा

माछापुच्छ्रे बैंक लिमिटेडले देशका विभिन्न स्थानमा थप ७ शाखा रहित बैंकिङ सेवा संचालनमा ल्याएको छ । बैंकले गोरखा जिल्लाको पालुङ्गटार नगरपालीका ६, काठमाण्डौं जिल्लाको कीर्तिपुर नगरपालीका मैत्रिनगर, नुवाकोट जिल्लाको लिखु गाउँपालिका २ थानसिंह, चितवन जिल्लाको रत्ननगर नगरपालिका ५, जुवाली, चितवन जिल्लाकै रत्ननगर नगरपालिका १६ खैरेटी, कपिलबस्तु जिल्लाको शिवराज नगरपालिका ३, खरेन्द्रपुर, सिराहा जिल्लाको




सुखिपुर नगरपालीका २ छजनाचोक मा गरि जम्मा ७ स्थानमा शाखा रहित बैंकिङ देशका विभिन्न स्थानमा ७ शाखारहित बैंकिङ्ग सेवा थप भएसंगै माछापुच्छ्रे बैंक लिमिटेडको शाखा रहित बैंकिङ सेवा १७२ पुगेको छ । ग्राहक सेवा केन्द्रको रुपमा संचालित उक्त शाखा रहित सेवा केन्द्रहरुबाट खाता खोल्न, रकम जम्मा गर्न र झिक्न, रेमिटेन्स भुक्तानीका साथै कर्जा आवेदन समेत दिन सकिने छ । बैंकले पूर्वमा झापा देखि पश्चिममा कन्चनपुर साथै हिमाल देखि पहाड र तराईसम्म आफ्ना १६२ वटा शाखाहरु लगायत १७२ शाखा रहित बैंकिङ सेवा र ५ एक्सटेन्सन काउण्टर समेत गरी जम्मा ३३९ स्थानवाट १० लाख भन्दा बढि ग्राहक महानुभावहरुमा सम्पुर्ण बैंकिङ सुबिधा प्रदान गरिरहेको छ । साथै, बैंकको देशभर २०३ वटा एटीएमहरु संचालनमा रहेको छन् ।

# मौलिकताभित्र रहेर मनाऔं तिज

आमा र हजुर आमा संग मानेको तिज, राती उठी खाएको दर को स्वाद अहिले कहा पाउनु र !

उहिले मौलिकतामा चाड पर्बहरु मनाइन्थ्यो भने अहिले जबर्जस्ती वा देखासिकीमा रमेका छन धेरै पर्बहरु । त्यो संगै तिज पर्ब पनी अछुतो बनेको छैन ।

असारको मानो रोपी मुरी फलाउने काम सकिए संगै सावनले हरियालीको बर्को ओढेर सुस्तरी पर्बहरु बोलाउछ । सकेसंम मिठोमसिनोको जोहो गरेर आउने चाडपर्बहरु मनाउदै हाम्रो संस्कृती जोगाउने काम नेपालीहरुले गर्दै आईरहेक छन ।

अहिले पर्ब मनाउने र संस्कृती जोगाउने होडबाजीमा धेरै बिकृतीहरु भित्रिएका छन ।

पर्बहरुको नाममा असाध्य बिकृति फैलिएको पर्बलाई भने म तिजलाई नै लिने गरेको छु ।

म काठमाडौंको बासिन्दा भयकोले यहा मानिने चाडपर्बहरुको बारेमा धेरै थोरै म पनी जानकार छु।यसमध्य तिज पर्ब असाध्य मन पर्ने र बिषेश पर्ब मान्दछु । तिज आउनु दुई तिन दिन अगाढी बुबा खुवाउने औषी पर्छ। बिषेश गरेर चेलीबेटीहरु लाई औषी अगाढी नै माईतीबाट तिजलाई भनेर लिन जाने चलन थियो र छ पनी ।त्यसै अनुरुप हरेक घरका बुहारिहरु त्यस समयमा प्राय सबै काम सक्ने प्रयत्नमा ब्यस्त हुन्थे।जस्तै माईती जानको लागी मकै भाचेर थन्क्याउने काम,

दशैको लागी तोरीको साग छर्ने मुला छर्ने काम,असाढमा रोपेको धान गोड्ने काम सक्न पाए औषीमा माईती गयर तिज मानेर मात्रै फर्कने बिदा पाइन्थ्यो भनी गाई भैसीलाई घास काटेर पिढीभरी थुपारेर मात्र माईती जाने चलन पनी थियो र प्राय अझै पनी काठका वरिपरी छ ।

जब औषी आउथ्यो त्यसदिन माईती गयपछी ब्रतको अघिल्लो साझ पाच छ बजेतिर भुजा खाईसकेपछी दर पकायर (माछा मासु मिठाई दहि लगायत अन्य)सुत्ने र राती ऋद्द बज्नु अगावै उठेर दर खाने चलन थियो।भोली पल्ट ब्रत बसी पर्सी पल्ट पन्चमी सकेर मात्र घर फर्कने चलन थियो र मिलेसंम अहिले पनी छ ।

अहिले तिजको दर खाने नाउमा असाध्य बिकृती फैलिएको छ।।सायद यो महिलाहरुले पुरुषका नाममा मान्ने पर्ब भयर पनी होला । भदौ लागेपछी राता पहिरन लगायर गहनाको प्रदर्शन गरी दिनभर रमाइलो गर्ने गरेको देखिन्छ।भ्याई नभ्याई आज दुई ठाउमा जानु छ ,भोली तिन ठाउमा छ भन्दै हिडेको देखिन्थ्यो । म महिला भयकै कारणले पनी यस प्रकारको दरको म बिरोधी नै हु र यस्तो प्रकारको दर खुवाई पुरुषहरुले सहन सक्नुमा म पुरुषहरुलाई महान संझन्छु पनि । यस्तै कारणले गर्दा पनी कतीको घरमा देखासिकीको नाउमा गरिने खर्चको भार थेग्न नसक्दा झै झगडा पनी देखेको छु।म पनी एउटा गृहिणी हु ,यसले गर्दा पनी मैले चाडबाडहरुलाई नछुटाईकन मनाउने काम गर्नु भनेको संस्कृतीलाई जोगाउनु र आउने पिढी (छोराछोरी)लाई जानकारी गराउनु पनी हो ।

घरको अबस्था हेरेर मिलेको खन्डमा म पनी औषीमा माइती गयर तिजको पन्चमी सकेर मात्र घर फर्कने गरेको छु ।

तर अब त प्रायको घरमा बुढाबुढी मात्र हुने गरेकोले बुढी माईती गयर बस्ने र घरमा खानाको बेठेगान बनायर बुढाको बिजोक बनाउने गर्नु हुदैन जस्तो लाग्छ ।

मैले बुझेको कुरा भन्नुपर्दा कसैको लागी धेरै खाएर अर्को कोही अघाउदैन र कोही भोको बसेर कसैको आयु लामो पनी हुदैन । संस्कृतीलाई समय अनुसार परिबर्तन गर्दै जगेर्ना गर्दै लानु राम्रो हुनेछ ।

आफ्नो बुढाको लामो आयुको लागी ब्रत बस्ने हो भने तिजको ब्रतको दिनमा झनै मिठो मिठो खाना बनायर परिवार र बुढालाई खान दिने र आफु पनी सकेमा ब्रत बस्ने नसकेमा खायरै आफ्नै घरमा रमाउने मान्यता राख्नु पर्छ भन्ने लाग्छ ।

मेरो सन्दर्भमा भन्ने हो भने मेरो माईतीमा पनी भोको बसेर धर्म हुन्छ र मन्दिर जादा मात्र धर्म हुन्छ भन्ने कुराको एकदमै बिरोधी होईसिन्थ्यो । भाग्यले नै भन्नु पर्छ मेरो घर परिवार पनी भोको पेटले मन्दिर जाने कुराको बिरोधी नै होईसिन्छ ।

त्यसैले नै मेरो तिज भनेको मेरो घरको दिदी बहिनीलाई वहाहरुको समय मिलाएर दर खुवाउछु र म पनी औषीको दिन माइती गयर घरमै फर्कन्छु र तिजमा झन बुढाकै सेवा गरी बस्नेछु । सबैभन्दा रमाइलो कुरा भने ब्रतको दिन बुढाको अगाढी नै टन्न खाना खानु पर्छ अनीमात्रै वहाले जान मन भयको मन्दिर लियर गैसिन्छ ।

पुरुषहरुको नाममा पुरुषलाई नै पिडा हुने कुनै कार्य नगरौ र परुषहरुले पनी महिलाको भावनाको कदर गरौ पिडा बुझौ ।

कतिलाई यो कुरा पाच्य हुदैन तर मैले गर्ने सत्य कुरा सबैलाई जानकारी गरायको हु ।


सबैले आफ्नो स्वास्थ्यको ख्याल राखौ ! परिवारको ख्याल राखौ ! पर्ब साच्चै खुसी लियर आउनेछ निधार खुम्च्याएर नजावस !! सबैलाई तिजको शुभकामना !!



गंगा खड्का - शब्द संसार

# नायिका घिमिरेको बुझाइमा तीज

तीज हाम्रो मौलिक पर्व हो । यो पर्व मनाउने हाम्रो आफ्नै तौर तरिका रहेका छन् । हरेक वर्ष भाद्र शुक्ल तृतीयाका दिनमा मनाइने हरितालिका तीज पर्व आज देवादिदेव महादेवको पूजा आराधना गर्ने गरिन्छ । कोरोना भाइरस (कोभिड-१९)को संक्रमणका कारण दुई वर्षदेखि तीज पर्व मन्दिर र बाहिर गएर भन्दा



## सारिका घिमिरे, नायिका तथा गायिका

पनि घर घरमै मनाइँदै छ । भगवान शिवको आराधनासँगै तीजको अर्को पक्ष भनेको गीत संगीत र नाचगान हो । मैले पनि विगतका वर्षहरूमा तीज गीत स्रोता/दर्शकमाझ ल्याए पनि यो वर्ष भने ल्याएकी छैन । मेरो स्वरमा सन्देश मूलक तीज गीत 'यतै घमाइलो उतै घमाइलो', त्यसैगरी छम छम नाच्ने 'तीजैमा ब्रत बसी', 'बजाउँदै चुरा' जस्ता गीत आएका छन् ।

नेपाली नारीहरूद्वारा स्वतन्त्र र आनन्दमय रूपमा मनाइने तीज अन्य धर्म र जातजातिका नेपाली महिलाहरूले पनि हर्षोल्लासका साथ मनाउन थालेका छन् । यो पर्व मुख्य रूपले नेपालभर मनाईन्छ भने भारतका कुनै कुनै प्रान्तमा मनाइन्छ ।

यसवर्षको तीज पनि हामी माझ आएको छ । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको महामारीबाट जोगिन सरकारले लागू गरेका स्वास्थ्यसम्बन्धी नियमको पालना गर्दै हाम्रो महान् पर्व हरितालिका तीज मनाउन म सबैमा आग्रह गर्दछु । हाम्रो मौलिक संस्कृति र परम्परालाई संरक्षण तथा प्रवर्द्धन गर्ने गरी चाड मनाउऔ । यस्ता सांस्कृतिक पर्वहरूले सबै नेपालीहरूको बीचमा विविधतामा एकता, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम गर्न सहयोग पुर्‍याइरहेका हुन्छन् । हरितालिका तीजको मौलिकतालाई कायम राख्दै यसको सांस्कृतिक महत्वको जगेर्ना गर्न यो पर्व मनाउने सन्दर्भमा देखिने गरेको भड्किलोपन र खर्चिलोपनलाई हटाउँदै जानु अति आवश्यक छ । हाम्रो आफ्नै मौलिक महान् पर्व तीजको अवसरमा सम्पूर्ण देश विदेशमा रहनुहुने नेपाली संस्कृतिलाई मायागर्नुहुने सबैमा तीज पर्वको हार्दिक मंगलमय शुभकामना ।

# दिदी-बहिनीहरूको मिलनको पर्व हो तीज




गीता अधिकारी

हरेक वर्षजस्तै यस वर्ष पनि नेपालीहरूको घर-आँगन नेपाली दिदी बहिनीको पर्व तीज आइपुगेको छ । दिदी बहिनी जम्मा हुने मिठो खाने, राम्रो लाउने र गीत संगीतमा रम्ने यो चाडको विशेषता हो भने धार्मिक महत्व पनि त्यतिकै छ । तीज खासगरी दिदी-बहिनीहरूको मिलनको पर्व हो । यो पर्वमा साँस्कृतिक, पौराणिक, सामाजिकलगायत धेरै पक्ष जोडिएका छन् । तर गत वर्ष र यो वर्ष विश्वव्यापी फैलिएको कोरोना संक्रमणका कारण हामीले खुलेर तीन मनाउन पाएका छैनौ भने तीजका अवसरमा निस्कने तीज गीतमा केही कमी आएको छ ।

नेपालका प्रायः सबै समुदायका महिलाहरूले मनाउने साझा पर्वका रूपमा विकास भइरहेको छ तीज । बहुसांस्कृतिक पर्वका रूपमा विकसित भइरहेको तीज अब नेपाली हिन्दू महिलाहरूमा मात्र सीमित नरही सबै धर्म-जातिका महिलाहरूले मनाउने साझा पर्वका रूपमा विकसित भइरहेको छ । नेपालीहरूका ठूला चाड दशैं र तिहारपछिको तेस्रो ठूलो चाडका रूपमा स्थापित हुँदै गएको छ तीज । यो चाड मुख्यरूपले नेपालभर मनाइन्छ भने नेपाली जातीको बसोवास भएका सबै ठाउँमा मनाइन्छ ।

तीज नजिकिँदै जाँदा बजारमा तीजसम्बन्धी गीतको चर्चा भइरहेको छ । तीज पर्वमा खासगरी महिलाका स्वरहरू गुञ्जयमान हुन्छन् । पछिल्लो समयमा पुरुषहरूको स्वरको साथ पाएको छ तीजले । चर्चित गायक( गायिकादेखि लिएर नवप्रवेशीसम्मले यो माहोललाई आफ्नो गायन प्रतिभा प्रस्फुटन गर्ने समयका रूपमा सदुपयोग गर्ने श्रृंखला यस वर्ष पनि जारी छ । तीजका गीत संगीत सांस्कृतिक परम्पराको नाममा विकृतितर्फ समेत धकेलिन लागेको आरोप लागीरहन्छ । केही छाडा तीज गीत पनि बजारमा आए । सम्बन्धित संघ संस्थाले प्रतिवन्ध लगाउनु पर्ने भन्ने जस्ता आवज पनि सुनिए । यसको भावना र मर्मलाई बुझेर मात्र गीतलेखन कार्य होस् । तीजका गीतलाई रत्यौली नबनाइयोस् । गाईजात्रे गीत नबनाइयोस् । 'आफ्नो मौलिकपन कायम राख्न सकेनौं भने हाम्रो आफ्नो पहिचान नै खतरामा पर्न जान्छ' भन्नेजस्ता आवाज पनि हरेक वर्षजस्तै यस वर्ष पनि सुनिए

तीज नेपाली महिलाहरूको आफ्ना भावना पोख्ने पर्वको रूपमा परिचित थियो र छ । तर, पछिल्लो समयमा आएर महिलाहरूको भावना पोख्नेभन्दा पनि यो व्यावसायिक हुँदै गएको छ । परिवर्तन हुनु नराम्रो कुरो त होइन तर यसको भावनालाई आत्मसाथ गर्न सक्नुपर्छ । तीजगीत र दोहोरीगीतमा फरक छुट्याउन गाह्रो भएको छ । गीत गाउने र चर्चा बटुल्ने नाममा अभद्र, अमर्यादित र छाडा गीतसंगीतले प्रश्रय पाउनु हुँदैन । तीजका गीतमा खासगरी माइतीघर र घरको विम्ब पाइने गरे पनि अहिले भने युवायुवतीको प्रेमका गीतहरू बढी पाइन्छ । यो समयको माग पनि हुन सक्छ ।

आधुनिकताको नाममा आफ्नो रीतिरिवाज, धर्मकर्म अनि अनुशासित परम्परालाई कुल्चँदै गए नेपाली र नेपालको अस्तित्व कता जाला ? तीज मनाइरहँदा सर्जकहरूले यसतर्फ पनि सोच्न जरुरी छ । सुन्दै उकुस(मुकुस हुने, नारीको मर्यादामाथि प्रहार गर्ने र विकृति भित्र्याउने गीतलाई प्रश्रय दिइरह्यौं भने हाम्रो समाज अनि हाम्रो मर्यादा, संस्कार कता जाला सम्बन्धित निकायले यसतर्फ सोच्न जरुरी छ तीज पर्व उल्लासमय रूपमा मनाइँरहदा । नेपाली महिलाको महान् पर्व तीजको सबैमा हार्दिक मंगलमय शुभकामना ।

***नेपाल चलचित्र पत्रकार संघ पूर्व उपाध्याक्ष***

# तीज नेपालीहरुको मौलिक संस्कार हो



**स्वानिका बास्तोला, कलाकार**

तीज नेपाली नारीहरुको मौलिक पर्व हो । यो पर्व देखासेखी गर्ने पर्व होइन । यो पराम्परागत पर्वलाई जोगाइ राख्नु हाम्रो कर्तव्य हो । तीजलाई नेपाली मौलिक संस्कृति अनुसार मनाउनु पर्छ । पछिल्ला समयमा भडकिला तरिकाले बिदेशी संस्कृति झल्किने गरी तीजलाई मनाउन थालिएको देखिन्छ ।

त्यसैले त्यस्ता कार्य नगरी नेपाली परम्परालाई सही ढंगवाट परिचालन गरी तीज मनाउनु पर्छ । तीजमा बिभिन्न रोग लागेर नियमित औषधी सेवन गरि राखेका दिदीबहिनीहरुले निराहार ब्रत बस्नु हुदैन । आफ्नो स्वास्थ्यको ख्याल गरेर मात्र बर्त बस्ने गर्नुहुन पनि अनुरोध गर्दछु ।

तीजमा जर्बजस्त ब्रत बस्नै पर्छ भनेर काही भनिएको छैन । आफ्नो इच्क्षा अनुसार खुशी भएर मनाउने पर्व हो । त्यसैले सवैले हासी खुशी गच्क्ष अनुसार तीज मनाउनु राम्रो हो । म पनि त्यसरी नै मनाउदै छु । घाँटी हेरी हाड निल्नु भन्ने कथालाई याद गरेर तीज मनाउन नेपाली दिदीबहिनीहरुमा अनुरोध गर्दै सबैमा २०७८ सालको हरितालिका तीजको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# दुःख पीडा बिर्सिउने पर्व तीज

**कविता श्रेष्ठ, गायिका**

नेपाली नारीहरुको बर्षभरीको दुखः पीडा बिर्सिएर खुशी मनाउने चाँड हो तीज ।



फोटो : बिजय जिरेल

बिशेष गरी बिवाहित नारी दिदीबहिनीहरु आफ्नो माइत गई बालापनको याद गरी र बिगत सम्झेर रम्ने चाडको रुपमा समेत मनाउने गरिन्छ । त्यस्तै मैले पनि यस तीजलाई सदभाव, एकता, र पारस्परिक मेलमेलाप नेपालको मौलिक संस्कृति हो ।

यस तीजमा नेपाली दीदीबहिनीहरुले एक आपसमा पारस्परिक सम्बन्ध र उन्नति गर्न हात्तेमालो गर्ने विश्वास राखेको छु ।

म सधै नेपाली हुनुमा गर्व गर्छु र नेपाली सस्कृतिलाई पनि उत्तिक्कै माया गर्ने गरेको छु । त्यस्तै सवै दिदी बहिनीहरुले देशलाई र आफ्नो मौलिक सस्कृतिलाई जोगाइराख्न भुमिका खेल्नु हुन्छ भन्ने विश्वास लिएको छु ।

अन्तमा: तीज नेपाली नारीहरुको महान् चाँड हो । यस चाडलाई देखासेखीभन्दा पनि संस्कार, सुसंस्कृत, सभ्य, आपासी मेलमिलाप र सहयोगी भावना राखेर नेपाली एकतालाई जोड्ने चाँडको रुपमा मनाउ भनि सवै मेरा सुभचिन्तक, दर्शक, स्रोता सबैमा २०७८ सालको हरितालिका तीजको शुभकामना समेत ब्यक्त गर्दछु । साथै मेरा भावनाहरुलाई लोकप्रिय पत्रिका जन आकाश साप्ताहिलाई धन्यवाद दिन चाहान्छु । साथै मेरा भावनालाई तथा नेपाली नारीहरुको महत्पूर्ण चाड तीजलाई समेटेर आमनागरिकमा तीज विशेष बनाउन सहयोग गरेकोमा यस लोकप्रिय जन आकाश साप्ताहिकलाई धन्यवाद तथा आउँदा दिनमा झनै प्रगति होस भन्ने शुभकामना व्यक्त गर्दछु ।

**कसरी....**

भदौ २२ गते झरेको पैरोको कारण सवारी आवगमन अवरुद्ध भएको छ ।

फर्पु आसपासका क्षेत्रहरुकमा पैरोको जोखिम कायम नै रहेको छ । तीजमा त्यस सडक भएर आवत जावत गर्ने गोकुलगंगा, उमाकुण्ड गाउँपालिका र रामेछाप जिल्लाका दोलखासँग जोडिएका दोलखाका नारीहरुको तीज प्रभावित भएको छ । पहिरो हटाउने काम भइरहेको भएपनि बाटोमाथिवाट पहिरो झरिरहेको हुनाले जोखिम कायमै रहेको त्यस गोकुलगंगा गाउँपालिकाका अध्यक्ष खडक बहादुर सुनुवारले बताएका छन् । पहिरो खुलाउने काम भएपनि आगमन सहज नभएका कारण त्यस क्षेत्र आसपासका नारीहरुको तीज प्रभावित भएको हो ।

**सिन्धुपाल्चोकमा बाढीले पुल बगाउदा नेपाली चेली माइत जान रोकियो**

यो बर्षको तीजले धेरै ठाउँमा खुशी उल्लास ल्याएपनि बाढी पैरो र कोभिडका कारण नारीहरु लागि सुखद भएन । सिन्धुपाल्चोकमा आएको बाढीले त्यहाका नारीहरु मेलम्ची खोलामा बनेको पक्की पुल बगाउदा मेलम्ची खोलाको पुल बगाउँदा त्यहाँका नारीहरु मेलम्ची खोला तरेर माइत जान नसक्ने भएका छन् । त्यही आसपासमा भएका नारीहरुले नदीले घर, खेत बगाउदा तनवमा छन् । तीज मनाउन किनमेलमा गएका दिदीबहिनीलाई खोलाले बगायो

दाङका दिदीबहिनी तीजको किनमेल गर्न गएर घर फर्कने क्रममा घोराहीतर्फ जाँदै गरेको प्रदेश ०३-०१-०२४ च ४४४० नम्बरको कारलाई घोराही उपमहानगरपालिका ४ गोग्लीस्थित सिस्नेखोलामा उर्लिरहेको बाढीले बगाउँदा एकै घरका दिदीबहिनी सहित चार जनाको मृत्यु भएका छ ।

मृत्यु हुनेहरुमा घोराही १६ सर्राकी ३२ वर्षीया सुशीला श्रेष्ठ, उनकी बहिनी ३० वर्षीया राधिका श्रेष्ठ, घोराही १३ की ४० वर्षीया रीतामाया पुन र घोराही १४ की ४२ वर्षीया विमला केसी हुन् । उनीहरु तीज मनाउन नेपालगञ्ज पुगेर तीजको सामान किनमेल गरी फर्केका थिए । उनीहरुले सदाको लागि तीज नमाउने गरी बिदा भए कारण गोग्ली खोलाले बगाएको हो । यस्ता दुःखद घटनाहरु पनि तीजका आसपासमा भएका छन् । त्यसकारण तीजलाई मनाउँदा आफ्नो पहुँच, क्षमता र सजिलो जसरी हुन्छ त्यसरी नै तीज मनाउनुपर्छ बाढी, पहिरो भइरहेको बेलामा जोखिम मोलेर टाढाटाढा गई तीज मनाउनु पनि उचित रहेनछ । सजग सचेत र ब्यवहारिक मौलिक संस्कृतिको परिपालना गदै तीज मनाऔं ।

**चार...**

प्रालिका नायब महाप्रबन्धक उज्वल शेरचनले जानकारी दिनुभयो । बिहानबाट

केबलकार सञ्चालनमा आएको उहाँले जानकारी दिनुभयो । यात्रुलाई स्वास्थ्य सुरक्षा मापदण्ड पूर्णरुपमा पालना गर्न पनि मनकामना दर्शन प्रालिले आग्रह गरेको छ । गोरखाको शहिदलखन गाउँपालिकामा अवस्थित प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिर दर्शन गर्न जान सहजताका लागि सञ्चालनमा

ल्याएको मनकामना केबलकारको प्रवेशद्वार (बटम स्टेशन) चितवनको ईच्छाकामना- ४ चेरेसमा रहेको छ ।

**सल्यान...**

बताएका छन् । उनका अनुसार अदुवाले मुल्य नपाउदा किसानहरू लाइ खेति गर्ने उत्साहा बिस्तारै घट्न थलेको समेत उनले बताए । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमले अदुवा उत्पादन वृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरेको भएपनि जिल्लामा भने अदुवा उत्पादन वर्षेनी घट्दै गएको छ ।

# पितृप्रतिको श्रद्धा भक्तिलाई रोकेन कोरोनाले

-पूर्णप्रसाद मिश्र

गोकर्णेश्वर (काठमाडौं)। भगवान् शिव र पार्वतीबीच केही विषयमा विवाद भएपछि मृगरुप लिई शिव भगवान् पशुपति क्षेत्रस्थित मृगस्थलीमा रहनुभयो । एकाएक देवादिदेव महादेव गायब भएपछि देवताहरुमा खलबल भयो । शिव भगवान्को खोजी शुरु भयो । महादेव मृगस्थलीमा मृगको रुपमा विचरण गरेको देवताहरुले थाहा पाएपछि खोजीमा ब्रह्मा, विष्णु र इन्द्र निस्कनुभयो । मृगस्थलीमा फरक रुपमा रहेको मृग नै शिव भगवान् हुनुहुन्छ भन्ने पहिचान भएपछि समातियो । मृगको सिङमा तीन जनाले समातेपछि भगवान् अलप हुनुभयो ।

सिङ भाँचिएर तीन टुक्रा भयो । भगवान् महादेवको आज्ञा अनुसार ब्रह्माको हातको सिङलाई मर्त्यमण्डलस्थित गोकर्णमा स्थापना गर्ने आदेश भयो । यसै आदेश अनुरुप कालगणना क्रमानुसार एक अर्ब ९५ करोड वर्षअघि स्थापना भएको यसै लिङ्गलाई अहिले गोकर्णेश्वर महादेवका नाममा पूजा आराधना गरिन्छ । भाद्रकृष्ण औँसीका दिन गोकर्णेश्वर महादेव स्थापना भएकाले यस दिन यहाँ मेला लाग्ने परम्परा बसेको यस क्षेत्रको अध्ययन अनुसन्धानमा लाग्नुभएका प्रा डा ऋषिराम पोखरेल बताउँनुहुन्छ ।

इन्द्रको हातमा रहेको सिङको टुक्रा स्वर्गमा स्थापना गरियो । विष्णुको हातमा रहेको सिङको टुक्रा पातालमा स्थापना गरियो । गोकर्णमा स्थापना गरिएको लिङ्गलाई श्रृङ्गेश्वर नामले पनि चिनिन्छ । पितृ उद्धारका लागि महत्वपूर्ण तीर्थस्थलका रुपमा शिव, लिङ्ग, स्कन्दलगायत पुराणमा वर्णन गरिएको यो स्थलमा भाद्रकृष्ण औँसीमा तर्पण, सिदादान र पिण्डदान गरेमा २१ पुस्ताका पितृको उद्धार हुने धार्मिक विश्वास गरिन्छ ।

भारतवर्षमा दुई गया छन् । गोकर्णेश्वर उत्तरगयालाई शिरको गया भनिन्छ । यो गया वाग्मती, सूर्यमती र चन्द्रमती सङ्गमस्थलमा छ । गयालाई पितृको मुक्तिका लागि श्राद्ध गर्ने मुख्य स्थलका रुपमा लिइन्छ । यो क्षेत्रको शिर वाग्मती उत्तरवाहिनी भएर बगेको स्थल हो भने हृदय गजाधरनारायण भगवान्को मन्दिर रहेको स्थल हो । पाउ गोकर्णमुनिको हत्यामोचनघाटलाई मानिएको उहाँले सुनाउनुभयो ।

भारतको उत्तरप्रदेशमा रहेको गयामा श्राद्ध गर्न जानुअघि अनिवार्यरुपमा शिरको गया अर्थात् गोकर्णेश्वर क्षेत्रमा श्राद्ध गरेर जानुपर्छ । फल्गुनदीको किनारमा रहेको भारतको गयाका पण्डाले पनि नेपालको गया क्षेत्रमा श्राद्ध गर्नु भएको छ कि छैन ? भनी प्रश्न गर्ने गरेको पोखरेल बताउनुहुन्छ । यहाँ भगवान् विष्णुको दायाँ पादुका रहेकाले पनि यस क्षेत्रको विशेष महत्व छ । फल्गुनदी किनारमा रहेको पादुका बाँया हो ।

पितृ उद्धारको महत्वपूर्ण तीर्थ गोकर्णेश्वर उत्तरगया क्षेत्र नेपालमा पर्ने भएपनि यसको प्रचारप्रसार विश्वभर फैलिएका वैदिक सनातन धर्मावलम्बी र विशेषगरी भारतवर्षमा हुन सकेको छैन । यही तीर्थको नामबाट गोकर्णेश्वर नगरपालिकाको नामकरण गरिएको छ । तर यसको महत्वका बारेमा प्रचारप्रसार हुन सकेको छैन । प्रचारप्रसारको अभावमा वर्षभर धार्मिक पर्यटक नआएपनि भाद्रकृष्ण औँसीका दिन भने यहाँ लाखौँको ओइरो लाग्छ । यस दिनका लागि यहाँ कसैले प्रचारप्रसार पनि गरेको हुँदैन । यस क्षेत्रको शास्त्रीय महत्वको प्रचारप्रसार गरे वर्षभर यहाँ पर्यटक आउँछन् । गोकर्णेश्वर महादेवको खोजीमा लाग्नुभएका गोविन्दप्रसाद घिमिरे 'वेदमणि' बालयन्त्रको पूजा हुने यस स्थलको महत्व बुझाउन नसकिएको बताउनुहुन्छ । पशुपतिनाथ मन्दिरमा श्रीयन्त्रको पूजा आराधना गरिन्छ । श्रीयन्त्रको पूजा आराधना गर्नेले बालयन्त्रको पूजा आराधना हुने स्थलको दर्शन नगरी फल प्राप्त नहुने धार्मिक मान्यता छ ।

यसैलाई प्रचारप्रसार गरी पशुपतिनाथ आएको धार्मिक पर्यटकलाई गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा लैजाने योजना नगरपालिकाले बनाएपनि ठोस रुपमा कार्यान्वयन हुन सकेको छैन । नगरपालिकाका प्रवक्ता मनोजकुमार ढुङ्गाना पशुपतिनाथ आएका धार्मिक पर्यटकलाई गोकर्णेश्वर लैजान विस्तृत परियोजना प्रस्ताव निर्माण भइरहेको बताउनुहुन्छ । प्रस्तावमा बन्ने योजना अनुरुप काम हुने उहाँले बताउनुभयो ।


**कोरोनाले रोकिएन मेला**

नयाँ भेरियन्टसहितको कोरोना जोखिम कायम रहेको भन्दै गोकर्णेश्वर नगरपालिका वडा नं. ४ कार्यालय र गोकर्णेश्वर महादेव मन्दिर क्षेत्र प्रबन्ध समितिले एक साताअघि नै सूचना जारी गरेर मेला स्थगित गरिएको घोषणा गरे । विभिन्न सञ्चार माध्यमबाट यो सूचनाको प्रचारप्रसार पनि भयो । कोरोना जोखिम फैलन सक्ने त्रासले सोमबार रातिदेखि नै गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा प्रहरी परिचालन गरिएको थियो । मन्दिरसँगै रहेको महानगरीय प्रहरी प्रभाग गोकर्ण मेलामा भक्तजन भेला हुन नदिन बिहान चार बजे नै नाका नाकामा पुग्यो । महानगरीय प्रहरी वृत्त बौद्धबाट सयौँको सङ्ख्यामा थप मद्दत आएपनि मेला रोकिएन ।

सनातनदेखिको परम्परा अनुसार देशका विभिन्न भागबाट हजारौँ मानिस मन्दिर क्षेत्रमा प्रवेश गरे । टाढा टाढाबाट आएका भक्तजनको अवस्थालाई ध्यान दिँदै स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर मेला सञ्चालन गरिएको मन्दिर क्षेत्र प्रबन्ध समितिको अध्यक्षसमेत रहनुभएका गोकर्णेश्वर नगरपालिका वडा नं. ४ का अध्यक्ष श्रीकुमार श्रेष्ठले बताउनुभयो ।

स्वास्थ्य सुरक्षाका विधि अपनाएर मेला सञ्चालन गरिएको भने पनि विभिन्न जिल्लाबाट बस, ट्रक, मिनीबस, माइक्रोबसलगायत साधन रिजर्भ गरेर आएका भक्तजनले मास्कसमेत लगाएका छैनन् । मेलाकै कारण जोरपाटीबाट गोकर्ण जाने सडक जाम छ । कोरोनाअघि जस्तो भक्तजन नभएपनि भीडभाड बढेको छ ।

गोकर्णेश्वर महादेव मन्दिरमाथिको वाग्मती किनारमै श्रद्धा भक्तिपूर्वक तर्पण, पिण्डदान गर्ने भक्तजनको पनि लाम छ । वाग्मती किनारको कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४ नयाँगाउँका कृष्णमुरारी श्रेष्ठ पिताको निधन भएदेखि भाद्रकृष्ण औँसीका दिन प्रत्येक वर्ष नदी किनारमा श्राद्ध गनुहुन्छ । यसरी कुल परम्परा अनुसार पितृप्रति श्रद्धा भक्ति प्रकट गर्नेको लाम सुन्दरीजल सम्म नै लागेको छ । तिथिका दिन विधिपूर्वक घरमै पितृप्रति श्रद्धा भक्ति प्रकट गर्ने गरेको श्रेष्ठ बताउनुहुन्छ । आजको दिन गोकर्णेश्वर क्षेत्रमा गरिने दिवंगत पितृप्रतिको श्रद्धा जीवनकालमा एकपटक वैदिक सनातन धर्मावलम्बीले अनिवार्यरुपमा गर्छन् । देशभरका वैदिक सनातन धर्मावलम्बी जीवनकालमा एकपटक भाद्रकृष्ण औँसीका दिन श्राद्ध गर्न आउँछन् । पिता हुने सन्तानले भने घर घरमा मीठा मीठा खानेकुरा खान र राम्रन कपडा लगाउन दिएर श्रद्धा भक्तिपूर्वक यो पर्व मनाइरहेका छन् । जन्म दिने पितालाई देवता समान मानिन्छ । यसैले वैदिक ग्रन्थमा 'पितृदेवो भव' भनी उल्लेख गरिएको छ ।




# महिलाहरुलाई हौसला प्रदान गर्ने पर्व हो

**संगम भण्डारी**
**वरिष्ठ अभिनेत्री तथा निर्माता**

तीज भनेको विशेष गरेर पावतीले शिवजीलाई पतिको रुपमा पाउ भनेर



वर्त बसेरे तपस्या गरेको र त्यही समयदेखि अहिलेसम्म चल्दै आएको पर्व हो । विवाह नगरेका युवतीले राम्रो श्रीमान पाउ र विवाह गरेका महिलाले चै आफ्नो श्रीमान र परिवारलाई राम्रोहोस् भनेर वर्त बसेर मनाउने पर्व हो । तीजमा महिलाहरु माईत जाने, दिदीबहिनी भाउजु , नन्द, बुहारीहरुसँग नाँच्ने रमाउने बर्तबस्ने दिनभरी भोक्कै बस्ने भोलिपल्ट पुजा गर्ने, दत्ततीउन लागउने चलनलाई तीज भनिन्छ ।

बिबिध कारणले अत्यन्तै ब्यस्त भएका र आफ्ना बुाबा आमा, दाजुभाइहरु, भाउजुबुहारी, नन्द आमाजु लगायतलाई भेट्न पाएका हुदैनन् । चेलीवेटीले यसै पर्वको अवसरमा बुवा आमालाई भेट्न पाउछन् । भने बुवा आमाले पनि आफ्नो छोरी आएको खुशीयालीमा मिठो चोखो बनाएर ख्याउने गर्दछन् । यस्ता राम्रा अवसर सृर्जना गर्ने गरेको तीजले नेपाली महिलाहरुलाई हौशला प्रदान गर्दछ । त्यसैले मेरो बुझाईमा तीज महिलाहरुलाई हौशला प्रदान गर्ने अवसर हो ।

## प्रवास खबर

# स्विट्जरल्याण्डमा तीजको रमझम

आराउ । गत वर्ष कोरोनाको त्रासले हरितालिका तीज पर्वमा पनि नेपाली दिदीबहिनीहरुको घरभित्रै बस्न बाध्य बने । तर, युरोपमा यतिबेला कोरोनाको प्रकोप पूर्ण रुपमा नियन्त्रण नभए पनि खोप लगाइसकेका मानिसहरु भने जमघट गर्न सुरु गरेका छन् । फलस्वरूप प्रवासमा रहेका नेपाली दिदीबहिनीहरु पनि तीजको आगामनसँगै खुलेर जमघट गर्न सुरु गरेका छन् । गत वर्षको तीजमा स्विट्जरल्याण्डमा नेपाली दिदिबहिनीहरू लकडाउनमा नै थुनिए । तर, यसपटक धितमर्ने गरी नाचगान र हर्षोउल्लासका साथ हरितालिका तीजको स्वागत गरेका छन् । स्विट्जरल्याण्डको आराउ कान्टोनको स्टाउफेनमा आइतबार दिदीबहिनीहरू रातो पहिरनमा सजिएर गीत संगीतमा रमाउँदै तीज मनाए । गैरआवासीय नेपाली संघ महिला फोरम स्विट्जरल्याण्डले यसपटक पनि यस्तो मेसो जुराएको हो । कार्यक्रम सम्पन्न गर्नका लागि एनआरएनए स्विट्जरल्याण्डले साथ दियो । कोरोनाको कहर यता झण्डै सय जनाको उपस्थितिमा स्विट्जरल्याण्डमा कार्यक्रम भएको यो पहिलो पटक हो । एनआरएनको स्विट्जरल्याण्डले यसै वर्ष इतिहासमा नै पहिलो पटक महिला नेतृत्व पाएको थियो । शुभ एल्मर लामाको नेतृत्वको रहेको संघले युवापुस्तामा पनि तीजको महत्व र रहनसहन बुझाउने अभिप्रेरणाले दोस्रो पुस्ताका नेपालीहरुलाई कार्यक्रममा समेटेको थियो । 'हामीले कोरोनाको अत्यासपछि धेरैपछि यसरी जमघट गर्ने मौका पायौं । समुदायको यो उपस्थितिले हामीलाई अझ प्रेरेणा मिलेको छ,' अध्यक्ष एल्मरले भनिन् । कार्यक्रममा आईसीसी सदस्य सीमा गौतमले तीजको महत्वबारे बोलेकी थिइन्। उनले विदेशमा नेपाली दिदीबहिनीहरुको आफ्नो चाडपर्व र संस्कृतिप्रतिको यो प्रेमले नेपालसँग सधैं नजिक बनाइरहने बताइन् । एनआरएनए महिला फोरम स्विट्जरल्याण्डकी महिला फोरम संयोजक चम्फा रुकस्टुल ज्ञवालीले कार्यक्रमको संचालन गरेकी थिइन् । कार्यक्रममा पोर्चुगलदेखि आएकी कलाकार संगीता पुनले तीजको लहर आयो बरिलै गीतमा नृत्य प्रस्तुत गरिन् । सबन महत्तले लाली गुरास अजम्बरी बोलको गीत सुनाइन् ।

# तीज छुट्टै विशेषता भएको पर्व हो



हामी हिन्दु धर्मलम्बिहरुले मनाउने जुनसुकै चाडपर्वहरु आफ्नै खालका विशेषता हुन्छन । हरितालिका तिज भन्ने बितिक्कै हामी महिलाहरुको विशेष मान्ने गरिन्छ । परम्परा काल देखि नै मान्दै आएको यो चाड केही समय यतादेखी फरक ढंगले मान्न थालिएको छ । दरखाने एक दिने कार्यक्रमलाई एक दुई महिना अघिदेखि विभिन्न तडकभडक गरेर मनाउन थालिएको छ । चाड मनाउने भन्दा पनि बडि गहना र फेसनलाई विशेष जोड दिदै आएको देखिन्छ ।

हाम्रो समजमा एउटै बर्ग र स्तरका दिदिबहिनी नभएको कारण हुनेलाइ भन्दा नहुनेलाइ धेरै अप्ठ्यारो अवस्था सृजना गरेको छ ।

रहर, इच्छा सबैमा हुन्छ तर बाध्यता आफ्नो ठाउमा हुन्छ । दिनभर ज्यालादारी गरेर घरसमेत धान्न मुस्किल पर्ने दिदिबहिनीहरुलाइ । यो अवस्थाले घरमा द्वन्द उत्पन्न हुन्छ तेस्ले नराम्रो नतिजा ल्याउछ । मान्नु नराम्रो कुरा होइन मान्दै आएको चाड तर देखासेखिमा होइन सबैलाई मिल्ने खालको चाड चाड्कै रूपमा मान्न पाइयोस । सबै खालका दिदिबहिनी एकै ठाउमा बसेर आफ्नो मन भित्र गुम्सिएर रहेका क्षमतालाई खुलेर साटासाट गरेर रमाइलो गर्दै मनाउने बाताबरण मिलाउन सके अझ धेरै राम्रो हुन्थ्यो । गर गहना देखाउने होडबाजी भन्दा सबैको भावनमा साट्न सक्ने वातावरण मिलोस । विभिन्न पार्टी प्यालेसमा गएर महिनौ अगाडि मनाउनु भन्दा एक दुइदिन अगाडि आफनै घर गाउँमा सबैसँग मिलेर मनाउने र सबै खालका दिदिबहिनीहरुलाइ समेट्ने किसिमले मनाउने बनोस । भोलिका सन्ततिले पनि गर्वकासाथ यो हाम्रो संस्कृतिलाई जोगाउने वातावरण मिलोस जस्तो लाग्छ ।


पहिलेको समयमा हामी दिदिबहिनीले बिबाह गरेर गएपछि धेरै दुख कष्ट भोग्नुपरेकोले बर्षमा एकदिन भएपनि माइतीघरमा आएर मीठो मसिनो जे हुन्छ आमाको हातले बनाएको दर सबै दिदीबहिनी भेला भएर दुख सुख साट्दै आत्मीयताको सम्बन्धलाई दरिलो पारेर दरखाने चलनलाई आज धेरै नै तडकभडक गरेर मनाउन थालिएको छ । यस्तो प्रविधिले भोलिका सन्ततिलाई नराम्रो सन्देश जानसक्ने सम्भावना बडि जाने होकि ?

जुन घरमा एकाअर्काको भावनालाई बुझेर दुखसुखमा साथमा साथ भएर घर चल्छ भने त्यो घर स्वर्ग बन्छ । बिना कारण अकालमा ज्यान कसैले गुमाउनु पर्दैन । पानी पनि नखाइ आयु वृद्धिको लागि व्रत त बस्छौ तर श्रीमानले श्रीमतीलाई , श्रीमतीले श्रीमानलाई बुझ्न सकिएन भने त्यो ब्रतको कुनै औचित्य रहदैन । तेसैले हामी मानव भएर हेरौ र सोचौ एकले अर्कोलाई बुझौ । कसैलाई अप्ठ्यारो नपर्ने गरि हाम्रो यो संस्कृतिलाई जोगाउन सम्पूर्ण नारी एक भएर जुटौ । बाहिरी श्रृङ्गारलाई भन्दा बढी भित्री श्रृङ्गारलाई जोड दिउ ।

लीला माया ढकाल गौतम ( LMDG )
धापासी -६, काठमाडौं
शब्द संसार परिवार

# चेलीका दुःख र सुख ब्यक्त गर्ने तीज

तीज पर्व हिन्दु नारीहरुको परम्परागत संस्कार युक्त चाड हो । गीतको माध्यमबाट चेलीका दुःख र सुख ब्यक्त गरिन्छ , भने पित्रृ सतात्मक सस्कृतिको उपज भन्दा पनि अतिसयोक्ति हुदैन, किनकी नारीले आफ्नो पतिको चिरआयूको कामना सहितको पूजा गर्ने पाऊँको जल खाने यश पर्वको प्रचलन रहेको छ । त्यस कारण यश पर्वलाई नारीहरु दासत्व उन्मुक्तिको पर्वको रुपमा पनि लिएको पाईन्छ । जस्तैः



"पानी पनि नखाएर व्रत बस्ने निलार
पतिदेवको सवार हुन्छ,रक्सि पिएर"

आफ्ना पारिवारिक पीडा, अन्याय अत्याचारलाई गीतको माध्यम बनाएर सामुहिक रुपमा प्रष्फुटन र एक अर्कोमा दुख पोख्ने प्रचलन पनि गाउँ घरमा विध्दमान रहेको छ ।

"पिन्जडाको चरि बरु गाली नखाई बस्दछ ।
सधैं मेरो आँखाबाट आँसु बग्दछ"
"यो तीजमा पाए सम्म माईती घर गइन्छ ।
दुःख पीडा बिसाएर हल्का भईन्छ।"

यसरी नै मन बिसाउने चलन छ भने, अर्को तर्फ विकृति पनि छ ।

आजकाल शहर बजारमा सस्कृतिको विरुद्ध तीज पर्व मनाएको पाईन्छ । पश्चिमा सस्कृतियुक्त गीतहरुका साथमा महिला पुरुष मिलेर नाच्ने चलन पनि छ ।

सबल पक्षः

सस्कृतिको जगेर्ना महिलाहरु बिच आपसी सहयोग, सदभाव, सहकार्य र एक्यवद्धता कायम गर्न यस पर्वले ठुलो योगदान पुर्याएको छ ॥

"प्रकृतिले सजिएको हाम्रो देश नेपाल सुन्दर शान्त वुद्ध भुमि छ नि विशाल""

शान्ता पोखेल
"शब्द संसार"

## तीजको लयमा चेलीको विलौना



वेदना यो मनको मेरा दिदीबहिनी कै
म चेलीको विलौना सुनी दिनु है
धान्दै मान्दै आएको संस्कृतिको रीत यो
हाँसो आँसु मिसिएको तीज गीत हो ।

टाढा देखिन् चेलीहरू जन्म घर आएर
मन्दिरमा नाचिन्थ्यो गीत गाएर
नन्द भाउजू बनेर सासू बज्यै बुहारी
तीज भरि गीतैमा खेल्थे जुवारी ।

रूखो पिठो घरैमा पकाएर खाइन्थ्यो
ढाका चोली घरेलुको साडी लाइन्थ्यो
शब्द रसले भरिएका विरहका गानले
पछ्यौरीले आँसु पुछी सुन्थे कानले ।

ऐले ल्यायो समयले नयाँ नयाँ फेसन
तीजको दर पकाउछन् साझा मेसमा
तीज आउनु कता कता पाटी भोज चलाउछन्
ह्युस्की वायन बियरको बोतल समाउछन् ।

नक्कली नै भए पनि सिगारिन्छन् सुनले
आधा अङ्ग देखाएर नाच्छन् यिनले
ठूला बडा शहरमा पुरिएका धनले
विकृत पर्व चलाए पैसा हुनेले ।

यो देशमा मेरी दिदी राष्ट्रपति भकिछिन्
पर्व संस्कार संस्कृतिको वास्तै गर्दिनन्
न्याय प्रमुख न्याय दिने सर्वोच्चमा दिदी हुनु
नारी हक उल्टाउने कुरै गर्दिनन् ।

सदनमा सभामुख मेरी अर्की दिदी छिन्
नारीहरू कुर्लिएको सुन्दै सुन्दिनन्
सभासद बैनीहरू दिदी भनी जिताउछन्
पत्रकार नारी छिन् सुरक्षामा नारी छिन् ।

नारी हक खोजौ भनी भाँटो बजाउछिन
आन्दोलन गराए जनताले गराए
निर्मला र भागीरथ कता हराए
निमुखाको न्याय मारे ठूला बडा आफैं गै
बाँच्ने बस्ने चेलीको नारी हक खै ?

मुरलीप्रसाद ढकाल
नुवाकोट

## तीज सम्बन्धि सुसेलीहरू:



*चन्द्र बदन*
*सम्बोधन ऐजन*
*मेरो नमन ।*

*दर चाहाना*
*आमा दिदीबहिनी*
*शुभकामना ।*

*नारी पर्व यो*
*तीज हरिताालिका*
*हाम्रो गर्व हो ।*

*तीज आको छ*
*बैनी भेट्न दाजुले⁄*
*दिदी भेट्न भाइले*
*मौका पाको छ ।*

*नाच गम्कदै*
*दर खाऊ रमाऊ*
*आमा सम्झदै ।*

*स्वास फेर्दैछिन्*
*झ्याल खोली आमाले*
*बाटो हेर्दैछिन् ।*

*नातो बेरेर*
*आमा बुढी रुदैछिन्*
*बाटो हेरेर ।*

*बिन्ती गरेँ नी*
*आउ चेली तीजमा*
*जस्तै परे नी ।*

*गाऊ झुमेर*
*तीज आयो बरी लै*
*नाच घुमेर ।*

*हरि तालिका*
*पूजा गर शिवको*
*हाम्रा मालिक ।*

*जहाँ गए नी*
*नबिर्सनु माइती*
*प्यारी बहिनी ।*

*बेसी झरेर*
*आउँनु है माइत*
*खोली तरेर ।*

*सत्यवादी भै*
*आफ्नो धर्म संस्कृति*
*जोगाउनु है ।*

*यत्ति कहेँनी*
*सुखदुख बाँडौंला*
*दिदीबहिनी ।*

*दुर्गा अधिकारी 'भमरकोटे'*

# अर्को साल माइती जाउँला सँगै र माउला तीज गीत सार्वजानिक

काठमाडौ । सुकराम सुन्दासको रचना, मनोज मालेको संगीत ⁄एरेन्ज, बर्षा दासको स्वर, सुकराम सुन्दासको निर्माणमा तयार भएको तीज गीत म्युजिक भिडियो ओएसआर डिजिटलवाट सार्वजानिक भएको छ ।

मिति २०७८ भदौ २२ गते उक्त गीत सार्वजानिक भएको राज क्षितिजले जानकारी दिएका हुन् । उक्त म्युजिक भिडियोमा सृर्जना मैनाली, संगम भण्डारी, राम खत्री लगायतले अभिनय गरेका छन् ।

यस बर्षको तीजमा मानिसहरु सवै आफ्नो माइती जान नपाउने बाढी पैरौ र कोभिडको कारणहरुले माइत जान नपाएको चेलीहरुको दुखेसोलाई समेत गीतले समेटेको छ ।




# नेपाली-अमेरिकन कलाकार संघको अध्यक्षमा निशा सुनार निर्वाचित

काठमाडौं । नेपाली-अमेरिकन कलाकार सङ्घको अध्यक्षमा निशा सुनार निर्वाचित भएकी छिन् । सङ्घको मङ्गलबार सम्पन्न चौथो अधिवेशनबाट सुनारको नेतृत्वमा १७ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित भएको हो ।

सङ्घको वरिष्ठ उपाध्यक्षमा वसन्ती राई, उपाध्यक्षमा विमल डाँगी, विक्की पुलामी, ऐटना कार्की, राजेन्द्र राई, महासचिवमा सङ्गीता थापा, सचिवमा मधुकुमार गिरी, कोषाध्यक्षअख पुष्कर बराल, सहकोषाध्यक्षअख पूजा न्यौपाने र युथ कोर्डिनेटरमा दिलीपकुमार श्रीष निर्वाचित हुनुभएको प्रमुख निर्वाचन अधिकृत सोमनाथ घिमिरेले जानकारी दिए ।

बोर्ड सदस्यमा चिनियाँलाल श्रेष्ठ, बुद्धिमान घिसिङ, पुष्पा बस्नेत, नवीन श्रेष्ठ र माया राई निर्विरोध निर्वाचित भएका छन् । उक्त कार्यक्रममा महावाणिज्यदूत विष्णुप्रसाद गौतमले नेपाली कला क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरसम्म फैलाउनका लागि नेपाली अमेरिकन कलाकार सङ्घले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।


कार्यक्रममा सङ्घका प्रमुख संरक्षक अभय ढुङ्गेल, वरिष्ठ कलाकार डा महेशराज ठाकुर, न्हुच्छेनारायण डङ्गोल, नरबहादुर दाहाल, आङ गेलु शेर्पा, गोमा योन्जन गुरुङ, नरवीर गुरुङ, सन्जोक लामा योन्जन, नायक विक्रान्त बस्नेत, पत्रकार दिवाकर बागचन्दलगायतको उपस्थिति रहेको थियो ।




चित्रकला



आयुषा चौलागाइ
बारा, निजगढ-हाल महाँकाल काठमाडौं









**जनआकाश मिडिया प्रा.लि.का लागि:** प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, **मुद्रण**: सुप्रिम प्रिन्टिङ्ग प्रेस